# नेपाल राजपत्र

## भाग ३


**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, भदौ १८ गते २०३६ साल**


श्री ५ को सरकार

**निर्माण तथा यातायात मन्त्रालयको**

**सूचना**

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको महेन्द्र नगर नगर विकास समिति गठन गरेको छः–

<u>समितिको गठनः</u>

| | |
|---|---|
| अञ्चलाधीश, महाकाली अञ्चल– | अध्यक्ष |
| सभापति, कन्चनपुर जिल्ला पञ्चायत– | उपाध्यक्ष |
| प्रमुख जिल्ला अधिकारी, कन्चनपुर– | सदस्य |
| इञ्जिनीयर, सार्वजनिक निर्माण शाखा, कन्चनपुर– | सदस्य |
| पञ्चायत वर्गीय संगठन तथा सामाजिक क्षेत्रमा योगदान भएका व्यक्तिहरूमध्येबाट बढीमा ५ जना अध्यक्षबाट मनोनीत व्यक्ति– | सदस्य |
| प्रधानपञ्च, महेन्द्र नगर नगर पञ्चायत– | सदस्य-सचिव |

९६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको काम, कर्तव्य र अधिकारः

१. स्वीकृत गुरु योजनामा कुनै हेरफेर वा परिवर्तन गर्नु परेमा आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत श्री ५ को सरकारको स्वीकृति लिएर मात्र गर्ने ।

२. गुरु योजना अनुसार निषेध नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड आवास, भवन तथा भौतिक परियोजना विभागको सहयोगमा निर्धारण गरी कार्यान्वयन गर्ने ।

३. नगर विकास समिति ऐन, २०१९ बमोजिमको कार्यहरू गर्ने ।

खण्ड २४ मिति २०३१।१२।१८ संख्या ५० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित महेन्द्र नगर नगर योजना समिति खारेज गरिएको छ ।

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

200

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।